प्रमुख प्रशासकीय अधिकृत

# बोलपत्र सम्बन्धी कागजात

## मादी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखरबोटे, सङ्खुवासभा

योजनाको नामः नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री बितरण कार्य

ठेक्का नं.: **MM/NCB/RAJASWA/02/083/084**

आ.ब.:२०८३/०८४

# माादी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ओखरबोटे ,सङ्खुवासभा

कोशी प्रदेश, नेपाल

०२९-४२४००३

madimunicipality@gmail.com

madimunsankhuwasabha.gov.np


पत्र संख्याः ०८३।८४

चलानी संख्याः

## नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री बितरणका लागि पुनः बोलपत्र आह्वान सम्बन्धी ७ दिने सूचना

**(दोस्रो पटक प्रकाशित मितिः२०८३/०६/२०)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र यस नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन् बिक्री तथा व्यवस्थापन कार्यविधि २०८३ को दफा ४ को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीहरूको स्वीकृत स्थानहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ सङ्कलन गरी मादी नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र. सं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन्, विक्री योग्य परिमाण (घनफिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | बोलपत्र फाराम दस्तुर (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | MM/NCB/ RAJASWA/ 02/083/084 | यस नगरपालिका क्षेत्रभित्रको माया, पिलुवा, यावरा, रातमाटे, र लखुवाखोलाहरुबाट IEE प्रतिवेदनको आधारमा नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा विक्री बितरण | ४,९५,७११।४७ | ३४,६९,९८०।२९ | ३०००.०० | NCB Hard Copy |

नदिजन्य पदार्थको खरिद दर प्रति क्यू.फिट रु.७।००(मु.अ.कर बाहेक) र विक्री दर प्रति क्यू.फिट रु.८।०० (मु.अ.कर बाहेक)

**शर्तहरू:**

१. फर्मको हकमा नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (२०८३ असोज मसान्त सम्म आ.व. ०८१/०८२ को करचुक्ता प्रमाण पत्र पेश गरेपनि मान्य हुने) र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा हिमालय बैंक लिमिटेड शाखा कार्यालय मादी ओखरबोटेमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता ग १.१ खाता नं. ०६००६७३२०८००८४ मा नगद जम्मा गरेको भौचर साथ यो सूचना प्रकाशन भएको मितिले ७औं दिन मिति २०८३।०६।२६ गतेको कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजात खरिद गरि २०८३।०६।२७ गते दिनको १२:०० बजेभित्र बोलपत्र सम्बन्धी कागजात दाखिला गरि सक्नुपर्नेछ।

२. बोलपत्र फाराम रु.३०००।००(फिर्ता नहुने) बोलपत्र दस्तुर बुझाई मादी नगरपालिकाको कार्यालयबाट वा यस कार्यालयको वेभसाइट www.madimunsankhuwasabha.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

३. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । बोलपत्रदाताले कबोल गरेको मु.अ.क. समेतको अङ्कको ५ प्रतिशतको दरले हुन आउने बोलपत्र जमानत रकम यस कार्यालयको हिमालय बैंक लिमिटेड शाखा कार्यालय मादी ओखरबोटेमा रहेको धरौटी खाता ग ३.१ खाता नं. ०६००६७३२०८००३४ मा जम्मा गरी बैंक भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" बर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा १२० दिन सम्म मान्य अवधि भएको बोलपत्र जमानत पेश गर्नुपर्नेछ।बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ।

४. रीतपूर्वक दर्ता भएका बोलपत्र सम्बन्धी कागजातहरू मिति २०८३।०६।२७ गतेका दिन दिनको १४:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहबरमा यस मादी नगरपालिकामा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।उक्त दिन सार्वजनिक बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन।बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. दर्ता भएका बोलपत्र मध्ये अधिकतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राहि बोलपत्र छनौट गरिनेछ।

७. स्वीकृत/छनौट भएको बोलपत्र दाताले कबोल गरेको मू.अ. कर सहितको एकमुस्ट रकम सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५औं दिनभित्र यस कार्यालयको बिभाज्य कोष खातामा जम्मा गरि सोको सक्कल भौचर सहित सम्झौता गर्न आउनु पर्नेछ।

८. एकमुस्ट रकम जम्मा गर्न नसकिने भएमा कबोल अङ्कको प्रथम किस्ता बापत मु.अ.क.सहितको ५० प्रतिशतले हुने रकम सम्झौताको समयमा अनिवार्य बुझाउनुपर्नेछ।दोस्रो किस्ता बापत मु.अ.क.सहितको ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" बर्गको बैंकबाट यस कार्यालयको नाममा २०८४ साल भाद्र मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ ।बाँकी रहेको ५० प्रतिशत रकम २०८४ बैशाख मसान्त भित्र मादी नगरपालिकामा दाखिला गरिसक्नु पर्नेछ। उल्लेखित शर्त पुरा नभएमा बैंक जमानत जफत गर्ने प्रक्रिया अगाडि वढाईनेछ।

९. बोलपत्र स्वीकृत भई सम्झौता समेत भईसकेका बोलपत्रदाताले मादी नगरपालिकाले तोकिदिएको कर सङ्कलन गर्दा प्रयोग गरिने रसिद बोलपत्रदाता फर्म स्वयंले छपाई गरि मादी नगरपालिकावाट कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीवाट अनिवार्य रसिद प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ।प्रमाणित नगरिएका रसिदबाट कर सङ्कलन गरेको पाईएमा वा उजुरी परेमा कारवाहिको प्रक्रिया अगाडि बढाईनेछ।

१०. सङ्कलित करको विवरण वा काटिएको रसिदको विवरण बोलपत्रदाताले हरेक १५/१५ दिनमा नगरपालिकालाई बुझाई रुजु गराउनु पर्नेछ।

११.नदीजन्य पदार्थको उत्खनन् समय विहान ६:०० बजे देखि वेलुका ६:०० बजे सम्म मात्र हुनेछ।सो अवधि भन्दा बाहेक नदिक्षेत्रमा कुनै प्रकारको उत्खनन् गर्न पाईनेछैन।उत्खनन् गरेको पाईएमा जरिवाना सहित ठेक्का सम्झौता रद्द समेत गर्न सकिनेछ।

१२. तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार कार्वाहि गरिनेछ।

१३. ठेक्का अवधि सम्झौताको मिति देखि २०८४ जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ।यदि तोकिएको अवधि भन्दा पहिले नै तोकिएको परिमाण उत्खनन् भएको अवस्थामा थप उत्खनन् गर्न रोक लगाईनेछ र ठेक्काको म्याद समेत उत्खनन् परिमाण समाप्त भएसँगै स्वतः समाप्त हुनेछ।

१४. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रहि नदीजन्य पदार्थ उत्खनन् सङ्कलन गर्नुपर्नेछ साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन यस बोलपत्रको अभिन्न अङ्ग हुनेछ।

१५. नदीजन्य पदार्थको उत्खनन् सङ्कलन तथा विक्री शुल्क कोशी प्रदेश सरकारको आ.ब.२०८३/०८४ को आर्थिक ऐनमा तोके बमोजिमको दरले हुनेछ।

१६. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी शुल्क असुल गरेमा नियम अनुसार कारवाहि भई ठेक्का सम्झौता समेत रद्द गर्न सकिनेछ।

१७. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइनेछैन।

१८. बोलपत्रदाताले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ। बोलपत्रदाता तथा नगरपालिका वीच कुनै किसिमको मतभिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

१९. नदी वा खोलाहरुमा नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गर्दा हेभि इक्विप्मेन्ट प्रयोग सम्बन्धि व्यवस्था प्रारम्भिक वातावरणीय प्रतिबेदन बमोजिम हुनेछ।

२०. ठेक्का सम्झौता भइसकेपछि कुनै बन्द, हड्ताल वा कुनै मानवीय सिर्जित कारणवाट हुने अवरोध भएको भनि छुट माग गर्न पाईनेछैन र सोही कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट, मिनाहा, माफी दिईनेछैन।

२१. यस सूचनामा भएका विषय यसै सूचना बमोजिम तथा उल्लेख नभएका विषयहरु प्रचलित नेपाल कानुन र मादी नगरपालिकाको नदिजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा व्यवस्थापन कार्यविधी २०८३ बमोजिम हुनेछ।

## बिल अफ क्वान्टिटी

| क्र. सं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन्, विक्री योग्य परिमाण (घन फिट) | कबोल रकम अंकमा (रु.) | कबोल रकम अक्षरमा | कुल जम्मा रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | MM/NCB/RAJASWA/02/083/084 | यस नगरपालिका क्षेत्रभित्रको माया, पिलुवा, यावरा, रातमाटे, र लखुवाखोलाहरुबाट IEE प्रतिवेदनको आधारमा नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा विक्री बितरण | ४,९५,७११।४७ | | | | |
| | | | | | जम्मा रकम रु. | | |
| | | | | | १३% मु.अ.कर रु. | | |
| | | | | | मु.अ.कर सहित कुल जम्मा रु. | | |

अक्षरेपी रुपैंया